नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०८३/०२/११

# प्रेस विज्ञप्ति।

माननीय शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलसँग युरोपेली सङ्घ (इयू) सँग सम्बद्ध विभिन्न मुलुकका महामहिम राजदूतहरूको शिष्टाचार भेटवार्ता सम्पन्न भयो। सिंहदरबारस्थित मन्त्रालयमा आज नेपालस्थित इयूको कार्यालयका डेपुटी हेड अफ मिसन थोमस मिलर तथा नेपालका लागि लिथुवानिया, साइप्रस, चेक रिपब्लिक, लक्जेम्बर्ग, रोमानिया, डेनमार्क र नेदरल्याण्डका गैरआवासीय राजदूतहरूले शिक्षामन्त्री पोखरेलसँग संयुक्त रूपमा भेटवार्ता गर्नुभएको हो। उक्त भेटमा द्विपक्षीय सम्बन्ध, शिक्षा क्षेत्रमा सहकार्यलगायत विषयमा विचार–विमर्श भएको थियो।

युरोपेली सम्बद्ध मुलुकका प्रतिनिधिहरूले नेपालको परिवर्तित सन्दर्भमा सरकारको प्राथमिकताका क्षेत्रका साथै नेपालको शिक्षा, खासगरी उच्च शिक्षामा सहकार्य र साझेदारी गर्न चासो देखाउनुभएको थियो। साथै, उहाँहरूले नेपालको नयाँ सरकारको प्राथमिकताको क्षेत्रमा सहयोग गर्न सिङ्गो इयू इच्छुक रहेको बताउँदै नेपालको शिक्षा क्षेत्रमा भइरहेको सहयोगलाई निरन्तरता दिने र उच्च शिक्षामा सहकार्य र साझेदारीलाई अगाडि बढाउने विषयमा जोड दिनुभएको थियो।

नेपाल सरकारको प्रवक्ता समेत रहनुभएका मन्त्री पोखरेलले नेपालको शिक्षा क्षेत्रमा इयूलगायत मुलुकले गर्दै आएको सहयोगका निम्ति धन्यवाद दिँदै आगामी दिनहरूमा पनि यी देशहरूसँग थप साझेदारी बढाउन मन्त्रालय तत्पर रहेको बताउनुभयो। मन्त्री पोखरेलले सरकारको नीति र प्राथमिकताबारे जानकारी गराउँदै विद्यमान शिक्षामा समावेशिता, पूर्वाधार विकास, शिक्षक पेसागत विकास लगायतका क्षेत्रमा भविष्यमा थप सहकार्य गर्न सकिने विचार व्यक्त गर्नुभयो।

शिक्षामा प्रविधिको पहुँच विस्तार, उच्च शिक्षामा साझेदारिता आदि विषयमा एक अर्का मुलुकहरूबिचको समन्वयलाई बलियो बनाएर लैजानुपर्नेमा उहाँले जोड दिनुभयो। मन्त्री पोखरेलले मन्त्रालयले चालेका कदमबारे थप प्रष्ट पार्दै शिक्षामा डिजिटाईजेसन, उच्च शिक्षामा विद्यार्थी मात्रै नभएर युनिभर्सिटीहरूका 'फ्याकल्टी मेम्बर'हरूको एक्सचेन्जका कार्यक्रमहरू सञ्चालन गर्न तथा भविष्यमा शैक्षिक संस्था र विश्वविद्यालयहरूसँग थप सहकार्य र साझेदारिता बढाउन मन्त्रालय तयार रहेको उल्लेख गर्नुभयो।

मन्त्री पोखरेलले उच्च शिक्षाको पुनर्संरचना गर्न लागिरहेको सन्दर्भमा विभिन्न मुलुकको विज्ञता प्रदान गर्न पनि आग्रह गर्नुभयो। त्यसैगरी साइप्रस, रोमानिया, नेदरल्याण्ड लगायत मुलुकका राजदूतहरूले शिक्षाको क्षेत्र विशेषतः उच्च शिक्षाको क्षेत्रमा सहकार्य गर्न आफूहरू तत्पर रहेको बताउनुभएको थियो। नेपालबाट साइप्रस, रोमानिया लगायतका देशहरूमा उच्च शिक्षा अध्ययनका लागि नेपालीहरू जाने प्रवृत्ति बढिरहेको सन्दर्भमा दुई देशबिचका सम्बन्धलाई थप बिस्तार गरेर अगाडि बढ्नुपर्नेमा उहाँहरूको जोड दिनु भयो।

शिव कुमार सापकोटा
सहसचिव
..........
सहसचिव एवम् प्रवक्ता
(शिवकुमार सापकोटा)

फोन नं.:
वेबसाइट : www.moest.gov.np